**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं. ८१

पुनरावेदन नं. ०७५-RB-०२८२

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०७१/०७२) ।**

जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. १ दरबारमार्ग स्थित नेपाल इन्भेष्टमेन्ट बैंक लि. (स्थायी लेखा नं. ५०००९३६३८) को तर्फबाट अख्तियार प्राप्त ऐ. बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डे........................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.................................... १ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री शिव कुमार श्रेष्ठ

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कर्यालयको निर्णय मितिः–२०७५/०७/२८

ठूला करदाता कार्यालय ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. करदाता नेपाल इन्भेष्टमेन्ट बैंक लि.को आ.व. २०७१/०७२ (२०७१ श्रावण देखि २०७२ आषाढ सम्मको) कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदन अनुसार **SWIFT** सेवा प्राप्त गरे वापत रू.९०,०२,२६३।८५ भुक्तानी गरेको पाइयो । मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा ८ को उपदफा (२) मा नेपाल बाहिरको, दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत कर निर्धारण र असुल उपर गर्नु पर्ने व्यवस्था रहेकोमा बैंकले नेपाल बाहिरको संस्थालाई उक्त रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर असुल गरी दाखिला गरेको नपाइएकोले मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा २०(१) बमोजिम रू. ११,७०,२९४।३० कर, जरिवाना, थप दस्तुर तथा व्याज समेत निर्धारण गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै आधार प्रमाण भए सो समेत साथै राखी जवाफ पेश गर्न करदातालाई सूचना दिने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७५/६/१६ मा जारी भएको प्रारम्भिक कर निर्धार आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५/६/१६ मा जारी भएको सूचनाको जवाफ करदाताले मिति २०७५/६/२९ मा पेश गरेको ।

३. मिति २०७५।६।१६ मा जारी गरिएको प्रारम्भिक कर निर्धारण आदेशको सूचना अनुसार नै बैंकले यस कर अवधिमा SWIFT सेवा वापत गरेको भुक्तानी रकम रु. ९०,०२,२६३।८५ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम मूल्य अभिवृद्धि कर रु.११,७०,२९४।३० निर्धारण र असुल उपर गर्नु पर्नेमा नगरेकोले सोही ऐनको २०(१) बमोजिम देहाय अनुसार रु.११,७०,२९४।३० मूल्य अभिवृद्धि कर निर्धारण गरी सोही ऐनको दफा २९(१क) बमोजिम २५ प्रतिशत जरिवाना रु.२,९२,५७३।६० दफा १९(२) बमोजिम लाग्ने थप दस्तर रु.३,८०,३४५।- दफा २६(२) व्याज रु.५,७०,५१८।- समेत जम्मा रु.२४,१३,७३१।- कर निर्धारण गर्न कर निर्धारणको अवधि २०७१ असार महिना कायम गरिएको र उक्त रकम दाखिला गर्न मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७५/०७/२८ मा खडा भएको निर्णय पर्चा ।

४. ठूला करदाता कार्यालय, हरिहरभवनले मिति २०७५/७/२८ मा जारी गरेको आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी नेपाल इन्भेष्टमेन्ट बैंक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०८/१९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. निवेदकले आफूले दिएको निवेदनमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३१क.को उपदफा ४ बमोजिम निवेदन दर्ता भएको ६० दिनभित्र निवेदन उपर निर्णय दिनुपर्नेमा हाल सम्म निर्णय नदिएकोले पुनरावेदन गर्ने भन्ने समेत पुनरावेदकले श्री आन्तरिक राजस्व विभागमा दिएको मिति २०७५/११/१० को पत्र ।

६. यसमा आ.व. २०७१।०७२ को आय वर्षका लागि विपक्षी कार्यालयबाट भएको मूल्य अभिवृद्धिकर निर्धारण आदेशमा बैकको अत्यधिक राष्ट्रिय तथा अन्तराष्ट्रिय आर्थिक कारोबारहरु **SWIFT** मार्फत नै हुने र बैकले गरेको **SWIFT** सेवा विसुद्ध आर्थिक कारोबारहरु भएकोमा विपक्षी कार्यालयबाट आर्थिक कारोबारहरु हैन भनी त्रुटिपूर्ण निर्णय भएको हुँदा अन्तिम कर निर्धारण आदेशले सो निर्णय बदर गरी अवाञ्छित कर दायित्व, शुल्क, जरिवानाबाट मुक्त गरी न्याय गरी पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७५/१२/१४ मा पुनरावेदन पत्र दर्ता भएको ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०६/२९/४ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

८. नियम बमोजिम सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

९. यसमा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थिट हुनु भएका विद्वान अधिवक्ता श्री शिवकुमार श्रेष्ठले SWIFT सेवा बैकको राष्ट्रिय तथा अन्तराष्ट्रि आर्थिक कारोबार भएको र यसमा मूल्य अभिवृद्धि कर लाग्नु नपर्नेमा मूल्य अभिवृद्धी कर माग गर्ने गरी गरेको निर्णय त्रुटिपूर्ण भएकोले बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो ।

१०. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले करदाता कम्पनीले SWIFT मार्फत सेवा आयात गरेकोले SWIFT सेवा वापत गरेको भुक्तानीमा मूल्य अभिवृद्धिकर ऐन २०५२ को दफा ८(२) बमोजिम कर लाग्ने नै हुँदा मूल्य अभिवृद्धिकर माग गरी भएको शुरु कार्यालयको निर्णय मनासिव हुँदा सदर गरिनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो।

११. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहाय अनुसार हुने देखियो ।

१२. Swift सेवा विदेशमा उत्पादन भई विदेश मै रहेको संयन्त्र मार्फत सूचना प्रशोधन तथा सम्प्रेषण हुने, पुनरावेदक बैकले नेपालबाट विदेश रकम पठाउँदा वा भित्र्याउँदा सूचनाको उदगम नेपाल नै भई नेपालमा Swift सेवाको उपभोग वा आयात भएको छैन भन्न मिल्ने देखिएन । पुनरावेदक बैकले उक्त सेवाहरु विदेशबाट लिई सम्बन्धित उपभोक्ताहरुलाई सेवा प्रबाह गरिआएकोमा बिबाद छैन । उल्लिखित सेवा बिदेशबाट प्रबाह हुने सेवा भएको र आर्थिक कारोबार भएकोमा मूल्य अभिवृद्धि कर लाग्दैन भन्ने पुनराबेदकको मुख्य जिकिर रहेको पाइयो । सञ्चार प्रविधिको माध्यमबाट हुने विविध

सेवाहरुको कार्यक्षेत्र विश्वब्यापी रुपमा रहेको छ । मूल्यअभिबृद्धि करको बिषय सेवाको आपूर्तिसँग भन्दा भुक्तानीको प्रकृयासँग बढी सम्बन्धित रहन्छ । मूल्यअभिबृद्धि कर ऐन २०५२ को दफा ८ को उपदफा (२) मा "नेपाल बाहिरको दर्ता नभएको कुनै ब्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएका वा नभएको ब्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ" भन्ने ब्यबस्था गरेको र मूल्यअभिबृद्धि कर ऐन २०५२ को अनुसुची १ मा समाबेश भएका कर छुट पाउने सेवा बाहेकका अन्य सबै सेबाहरुमा भएको भुक्तानीको रकममा कर लाग्ने हुदा आर्थिक कारोबार हो भन्ने आधारमा मात्र भुक्तानीको रकममा कर कट्टी नगर्नु पर्ने भन्ने पुनराबेदकको जिकिर कानुनसम्मत मान्न् मिलेन ।

१३. माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ५०००९३६३८ भएका पुनरावेदक करदाता नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयको मिति २०७५।०७।२८ को निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । तपशिल बमोजिम गर्नू ।

**<u>तपशिल</u>**

फैसलाको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू.........................१

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू...........................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू...........................................................................३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्ने-</u>

शाखा अधिकृतः श्री विश्वराज कुइकेल

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल पौष ०८ गतेरोज ३ शुभम......